क्षेत्रलाई चार किल्ला तोकी दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्र घोषणा गरेकोले सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

उत्तरः महेन्द्र राजमार्गको पसाहा खोलादेखि वकिया नदीसम्म ।

पूर्वः महेन्द्र राजमार्गको वकिया नदीको पुलबाट नदी हुँदै ८ कि.मी. दक्षिण नदीको सीमानामा सपाही गा.वि.स. को 2999919 N र 620000E Coordinate point सम्म ।

पश्चिमः महेन्द्र राजमार्गको खोलाको पुलबाट खोला हुँदै ६ कि.मी. दक्षिण खोलाको सीमाना हरैया गा.वि.स. को 2999778 N र 606033E Coordinate Point सम्म ।

दक्षिणः पसाहा खोलाको हरैया गा.वि.स. को 2999778 N र 606033E Coordinate point बाट सीधा पूर्वतर्फ करैया गा.वि.स., ककाडी गा.वि.स., डुमरवाना गा.वि.स. हुँदै सपाही गा.वि.स. को वकैया नदीको किनार 2999919N र 620000E Coordinate Point सम्म ।

आज्ञाले,

सुरेश मान श्रेष्ठ

नेपाल सरकारको सचिव

**नेपाल सरकार**

## संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचना

नेपाल सरकारले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपि सूचना दिने व्यक्ति तोकेको छ ।



५८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) मृतक विवाहिता दिदी-वहिनीको वंशजतर्फको कोही जिवित वा फेला नपरेको अवस्था भएमा त्यस्तो अवस्था खुल्ने कागजात खडा गरी माइतीतर्फका सहोदर दाजु-भाइ तथा दिदी-वहिनीले ।

आज्ञाले,

डा. सोमलाल सुवेदी

नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरवार, काठमाण्डौमा मुदित । मूल्य रु ५।-

गो.हु.द.नं. १६।०६२।०६३



४८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।